# भद्रपुर   नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन , २०८०

# परिच्छेद १

# नगरपालिकाको परिचय

## १.१ नगरपालिकाको विकासक्रम

सन् १७७३ मा तत्कालीन राजा रणबहादर शाहको शासनकालमा नेपालको सिमाना पश्चिमतर्फ कुमाउ गढ्वालर पूर्वतर्फ टिष्टासम्म पुगेको थियो। विराटनगर र रङ्गेलीबीचपर्ने धनपुर भन्ने स्थान र झापा बजार (तत्कालीन कुमरखोदगा.वि.स. र हाल झापा गाउँपालिका) सन् १८१४ माअङ्ग्रेजहरूले आक्रमण गरी आफ्नो कब्जामा लिएको थियोर सन् १८१५ नोभेम्बर २८ मा सुगौली सन्धिमा हस्ताक्षरभए पश्चात मेची नदी सदाको लागि पूर्वी अन्तर्राष्ट्रिय सिमानाहुन पुग्यो। तत्कालीन झापा जिल्ला मोरङ गोश्वारा अन्तर्गतपर्दथ्यो। पछि कुमरखोद गा.वि.स. अन्तर्गत रहको झापा बजार गाउँमा मोरङ गोश्वारा सर्न आएको हुँदा यस जिल्लाकोनाम झापा रहन गयो। वि.सं . २००७ सालपछि झापा गाउँबाटगोश्वारा चन्द्रगढी गा.वि.स. सरेपछि सदरमुकाम कायम भयो।झापा जिल्लामा रहेको सात वटा नगरपालिका मध्ये भद्रपुरपहिलोनगरपालिका हो । यो नेपालको जठो नगरपालिकामध्येको एक नगरपालिका पनि हो। वि.सं . २००८ सालमास्थापना भएको यो नगरपालिकामा २०३८ ⁄३९ सालमाचन्द्रगढी र महेशपुर गा.वि.स. को केही वडाहरूलाई एकीकृतगरी १५ वडामा विभाजन गरिएको थियो । त्यसपछि वि.सं .२०७१ साल मङ्सिर १६ गतेको नेपाल सरकार (मन्त्रिपरिषद)बाट भएको निर्णयबाट भद्रपुर नगरपालिका, महशपुर र चन्द्रगढी गा.वि.स. समायोजन भई २०७३ साल फाल्गुन२७ गते राज्यका पुनःसंरचनाका क्रममा पृथ्वीनगर गा.वि.स.समेत समायाजन भई १० वटा वडा कायम भएर बृहत् भद्रपुरनगरपालिकाको क्षेत्र विस्तार भई ९६.३५ वर्गकि.मि. हुन गयो।१० वटा वडा रहको यो नगरपालिका झापा जिल्लामा कायम भएका ८ नगरपालिका र ७ गाउँपालिका गरी १५ स्थानीय तह मध्येकोपुरानो नगरपालिका हो। यो नगरपालिका झापा जिल्लाभित्रको सङ्घीय प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ र३ मा पर्दछ। प्रतिनिधि सभानिर्वाचन क्षेत्र नं. १ अन्त षे र्गत प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ मा भ.न.पा.को वडा नं. १० र प्र षे देश सभा निर्वाचन क्षेत्र नं. २ मा वडा नं. ९ षेपर्दछ। त्यसैगरी प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. ३ अन्तर्गत प्रदेश सभा निर्वाचन क्षेत्र नं. १ मा भ.न.पा.का ७ वटा वडा (१, २, ३, ४,५, ६, ८) र प्रदेश सभा निर्वाचन क्षेत्र नं. २ मा वडा नं. ७ पर्दछ।

राष्ट्रिय जनगणना २०७८ अनुसार भद्रपुर नगरपालिका केहि तथ्याँकहरु:

## १.२ नगरपालिकाको जनसांख्यिक तथ्याँक

कुल जनसंख्या: ७०,९१३ कुल क्षेत्रफल: ९६.३५ वर्ग कि.मि

लैंगिक अनुपात (पुरुष प्रति १०० महिला): ९१.५४ जनघनत्व : ७३६ (प्रति वर्ग कि.मि)

साक्षरता दर: ८२.५%  (पुरुष ८८.६%, महिला ८२.५%)       घरपरिवार संख्या: १७,३२९

**१.३ वडागत तथा अन्य  विवरण**

नगरपालीकामा देहाय अनुसारका साबिक नगरपालिका तथा गाविसहरु समायोजन भई १० वटावडा कायम भएका छन।

तालिका १: पुनर्संरचित नगरपालिकाको वडागत विवरण

| वडा नम्बर | साबिक नगरपालिका तथा गाविस | क्षेत्रफल (वर्गकि.मि.) |
|---|---|---|
| **१** | पृथ्वीनगर १, २, ७, ८ र ९ | १०.८७ |
| **२** | पृथ्वीनगर ३, ५ र ६ | १०.५६ |
| **३** | महेशपुर २, ३ र ४ र पृथ्वीनगर ४, भद्रपुर १ | १६.४६ |
| **४** | महेशपुर ५ र १ | १४.३४ |
| **५** | भद्रपुर १, २, ३, १२ | ५.०७ |
| **६** | भद्रपुर ७, ८, ९, १३ महेशपुर ६ र ८ | ४.५८ |
| **७** | महेशपुर ९ र ७ भद्रपुर ११ र ६ चन्द्रगढी ८ | ८.५८ |
| **८** | भद्रपुर ५, १४, ४, १०, १५ | ४.१ |
| **९** | चन्द्रगढी ३, ४, ५, ९ | १३.३८ |
| **१०** | भद्रपुर १३ र १४ चन्द्रगढी ६, ७, १, २ | ८.४१ |

*स्रोतः घरधुरी सर्वेक्षण २०७६, http://www.mofaga.gov.np*

भद्रपुर नगरपालिकामा उष्ण हावापानी पाइन्छ भने भद्रपुर वर्षातमा बङ्गालको खाडीबाट आउने मनसुनी हावापानीबाट प्रभावित क्षेत्रहो। ग्रीष्मकालमा यहाँको अधिकतम तापक्रम ३८ डिग्री सेल्सियससम्म पुग्छ भने शीतकालमा ८ डिग्री सेल्सियससम्म भएको पाइन्छ ।वर्षा क्रतुमा हिन्द महासागरस्थित बङ्गालको खाडीबाट आउने मनसुनी हावाले यहाँ २७१.७५ मि.मि.सम्म वर्षा हुने गरेको पाइन्छ । यहाँकोहावापानी ज्यादै उष्ण र सुख्खा भएकाले कृषि कार्यका लागि उपयोगी मानिन्छ ।धरातलीय हिसाबले भद्रपुर नगरपालिका नेपालको पूर्वी तराई क्षेत्रमा पर्दछ । यो नगरपालिका मेची नदी र देउनियाँको बेसिन क्षेतमाअवस्थित, मलिलो तथा सिँचित भूमि रहेको तराईको समथर भूभागमा पर्दछ । भद्रपुरको भूस्वरूप समथल भए पनि उचाइगत हिसाबलेहेर्दा यसको उचाई दक्षिणबाट उत्तरतर्फ क्रमशः साबिक पृथ्वीनगरको दक्षिणी क्षेल्को समुद्र सतहबाट ६८ मिटरदेखि साबिक चन्द्रगढीगा.वि.सको उत्तरी क्षेश्को ११३ मिटरसम्म फैलिएको छ ।यस नगरपालिकाको भूक्षेल खेती योग्य जमिन, आवास, वन र खोला बगरले ढाकेको छ । सर्वे तथा नापी विभागको विवरण अनुसार यसनगरपालिकाको भू-उपयोगको अवस्था हेर्दा खेती गरिएको क्षेलफल, आवास र निर्माण क्षे, वन,

नदी, बगर खाली जमिनको विवरणक्रमशः ६९, ११, ८, ५ र ४ प्रतिशत रहेको छ । उपयोगको विवरण देहाय अनुसार रहेको छ ।

| भूमिको प्रकार | क्षेत्रफल (बर्गकिमि) | प्रतिशत |
|---|---|---|
| खेती गरिएको भूमि | ६६.३२ | ६८.८३ |
| आवास र निर्माण क्षेत्र | १०.४५ | १०.८५ |
| जंगल | ७.८२ | ८.१२ |
| झाडी | ०.३१ | ०.३२ |
| खाली जमिन | ३.७४ | ३.८८ |
| बगैचा र वृक्षरोपण | ०.४४ | ०.४६ |
| नदी बगर | ४.८२ | ५.०० |
| पानीलेढाकेको क्त्रषे | २.४५ | २.५४ |
| जम्मा | ९६.३५ | १०० |

**स्रोत नगर वस्तुस्थिति विवरण , २०७६ (MUNICIPAL PROFILE, 2076)*

यस नगरपालिकामा भाषागत रूपमा नेपाली, राजवंशी, मैथिली, लिम्बू, सन्थाल, राई, तामाङ, बङ्गाली, नेवार, मगर, उर्दु, भाषीसमेत रहेका छन्। धार्मिक रूपमा हिन्दु, किराँत, बौद्ध, इसाई र मुस्लिम धर्मालम्बीहरूको बाहुल्यता रहेको यस नगरपालिकाक्षेत्रमा मनाइने हिन्दु धर्मालम्बीहरूको चाडपर्वहरूमा बडादशैं, दिपावली, कृष्णाष्टमी, छट, तीज, जनै पूर्णिमा, होली, सिरूवा,गाईजात्रा, साकेला, माघे सङ्कान्ति, चैते दशैं आदि रहेका छन् भने बौद्ध धर्मावलम्बीले बुद्ध पूर्णिमा, ल्होसार, क्रिश्चियन समुदायलेक्रिसमस र मुस्लिम समुदायले इद, बकरिद, मोहम्मद जयन्ती मनाउने गरेका छन् । यस नगरपालिका क्षेत्रमा चाडपर्वकोसमयमा आफ्नै जातिगत विशेष अनेक चाडपर्वमा आ-आफ्ना परम्परा र सँस्कृति अनुसार विभिन्न क्रियाकलापहरूले यहाँकोसामाजिक र साँस्कृतिक उत्कृष्टता झल्काउने गर्दछन् । भेषभूषाका रूपमा पुरुषहरूले मुख्य रूपमा धोती कुर्ता, पाइजामा,सुरुवाल, टोपी तथा कोट र महिलाले गुन्यु चोली, पट्की, साडी, कुर्ता सलवार लगाउने गर्दछन्। मुस्लिम महिलाहरु बुर्कालगाउँछन्।

# परिच्छेद २

## २.१ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गर्नुको औचित्य

नगरवासीको नगरपालिका प्रतिको बढ्दो जनअपेक्षा र स्थानीय सरकार संचालन ऐन, २०७४ ले संविधान बमोजिम निर्दिष्ट गरेको नगरपालिकको काम, कर्तव्य र अधिकार अनुसार कार्य संचालन गर्न, विगतको कानून विहीनताको अवस्थालाइ चिर्दै कोशी प्रदेश सभाबाट जारी भई मिति २०८०/०९/२२ गते प्रदेश राजपत्रमा प्रकाशित भएको "स्थानीय सरकारी सेवा(गठन तथा संचालन) ऐन, २०८०" को मर्म अनुसार कार्यालयको सङ्गठन व्यवस्थापन गर्न, नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको प्रदेश किताबखानामा पददर्ता गरि वृत्ति विकासको अवसर प्रदान गर्न तथा करार र मासिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको सेवाको व्यवस्थापन र सुरक्षा गर्न अपरिहार्य भएकोले भद्रपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको सङ्गठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरिएको छ।

साथै नगरपालिकाले जारी गरेको आवधिक योजना र मध्यमकालीन खर्च संरचनाले परिकल्पना गरेका रणनीति तथा सो रणनीति कार्यान्वयन गर्नका लागि तयार भएका परियोजना र कार्यक्रमहरुको सफल कार्यान्वयन गर्नका लागि पनि यो सङ्गठन व्यवस्थापन सर्वेक्षण प्रतिवेदन आवश्यक रहेको छ।

भद्रपुर नगरपालिकाको छैटौँ नगरसभाबाट स्वीकृत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन र स्थानीय सरकारी सेवा(गठन तथा संचालन) ऐन, २०८० ले व्यवस्था गरेका सेवा, समूह, तह र पदमा तालमेल नरहेको तथा स्वीकृत सङ्गठन संरचनामा व्यवस्था गरिएका पदहरुमा कुन पद स्थायी र कुन पद करार भनि नखुलेको हुँदा प्रदेश लोकसेवा आयोगमा माग गरी पठाउन अन्योल हुने देखिन्छ। सो समस्या समाधान गर्ने विषयलाई प्रथामिकतामा राखी हाल कार्यरत स्थायी कर्मचारीको दरबन्दी संख्या र कार्यबोझलाई विश्लेषण गरि यो सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरिएको छ।

## २.२ प्रतिवेदन तयारी विधि

अघिल्लो प्रतिवेदनलाइ आधार मानी समयानुकुल र कानून बमोजिम दरबन्दी व्यवस्थित गर्ने प्रयोजनलाई प्राथमिकतामा राख्ने तथा श्रोतको सिमिततालाइ पनि मध्येनजर गरि अतिआवश्यक बाहेक दरबन्दी थप नगर्ने उद्धेश्य लिइ यो प्रतिवेदन तयार भएको हुँदा विस्तृत कार्यबोझ विश्लेषण भन्दा पनि शाखागत कार्यसम्पादन र दरबन्दीको माग र आपूर्ति बीचको अन्तरलाई मध्येनजर गरि यो प्रतिवेदन तयार गरिएको छ । यो प्रतिवदन देहायअनुसारका विधि प्रयोग गरि तयार गरिएको छ।

१. अघिल्लो सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अध्ययन

२. पदपूर्तिको अवस्था अध्ययन

३. आवधिक योजना र विषयगत क्षेत्रको रणनीतिक योजना, नीति तथा कार्यक्रम र वार्षिक बजेटहरुको अध्ययन

५. शाखा प्रमुख र कार्यालयमा कार्यरत कर्मचारी र अन्य पदाधिकारीहरुसँग छलफल

६. विषयगत शाखा, उपशाखा तथा वडासमितिको कार्यालयहरु समक्ष मस्यौदा प्रस्तुतीकरण, छलफल र सुझाव संकलन

७. कार्यपालिका बैठकमा  मस्यौदा प्रस्तुतीकरण, सुझाव संकलन र नगरसभामा पेश गर्नको लागि स्वीकृती

८. नगरसभाबाट स्वीकृत

९. नगरप्रमुखबाट प्रमाणीकरण र सार्वजनिकीकरण

**२.३ कार्यालयको विद्यमान दरबन्दी संरचना**

भद्रपुर नगरपालिकाको छैटौं नगरसभाले स्विकृत गरेको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनबाट देहाय अनुसारका २०९ वटा दरबन्दी  रहने गरि सङ्गठन संरचना स्विकृत भएको थियो । निम्न पदहरुमा छैटौँ पद रिक्त हुँदा छैटौंबाट पदपूर्ति गरिने आशयले पद कायम गरेको पाइन्छ र पदहरुलाई प्राविधिक र प्रशासनिक दरबन्दी गरि वर्गीकारण गरेको पाइन्छ । स्थायी, करार, सेवा , समूह , उपसमूह , तह जस्ता पददर्ता र पदपूर्तिका लागि आवश्यक विषयवस्तु बीचको तालमेल नदेखिएको कारण  रिक्त पदको विवरण प्रदेश लोकसेवामा पठाउन दुविधा हुने देखिन्छ ।

**तहगत पदहरु**

| **क्र.सं** | **तह / पद** | **प्रशासनिक पदको दरबन्दी** | **प्राविधिक पदको दरबन्दी** |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १ | ० |
| २ | अधिकृत नवौं / दशौँ | ० | १ |
| ३ | अधिकृत सातौँ/आठौँ | २ | ० |
| ४ | अधिकृत छैटौं | ७ | ३ |
| ५ | साहायक पाँचौ | २१ | १३ |
| ६ | साहायक चौथो | २९ | १ |
| ७ | शिक्षा शाखा | १२ | |
| ८ | कृषि तथा पशुपंक्षी शाखा | १२ | |
| ९ | स्वास्थ्य चौकी | २४ | |
| १० | शहरी स्वास्थ्य केन्द्र र सामुदायिक स्वास्थ्य केन्द्र मेची पारी | ९ | |

| | | |
|---|---|---|
| ११ | आधारभूत स्वास्थ्य केन्द्र वडा नं २, ४, ६, ७ र १० | १० |
| १२ | कुल जम्मा | १४५ |

**तहविहिन पदहरु**

| **क्र.सं** | **तह / पद** | **दरबन्दी** |
|---|---|---|
| १ | विद्युत हेड मिस्त्री | २ |
| २ | विद्युत हेल्पर | २ |
| ३ | सवारी चालक | १५ |
| ४ | अ.स.ई | १ |
| ५ | नगर प्रहरी हवल्दार | २ |
| ६ | सवारी चालक भारी | ३ |
| ७ | नगर प्रहरी/फायरम्यान | १४ |
| ८ | तामेलदार | १ |
| ९ | कार्यालय सहयोगी | २३ |
| १० | सफाईकर्मी | १ |
| ११ | जम्मा | ६४ |

**२.४ हाल कार्यरत कर्मचारी संख्या**

संघीय सरकार तथा प्रदेश सरकारले सशर्त अनुदान स्विकृत गरेको परियोजनामा कार्यरत कर्मचारी बाहेक हाल कार्यालयमा देहाय अनुसारका कर्मचारीहरु कार्यरत रहेका छन ।

क. स्थायी कर्मचारी: ७९ जना
ख. करारमा कार्यरत: १०१ जना करार
ग. सरसफाई (दैनिक ज्यालादारीमा कार्यरत): ४७ जना

# परिच्छेद ३

## प्रस्तावित सङ्गठन संरचना , शाखागत कार्य विवरण तथा दरबन्दीको तेरिज

### ३.२ कार्यालयको प्रस्तावित सङ्गठन संरचना

नगरपालिकको काम, कर्तव्य र अधिकार अनुसार कार्य संचालन गर्नका लागि अनुसूची १ अनुसारको,९० **वटा स्थायी दरबन्दी, १०६ वटा करारको दरबन्दी** सहितको कार्यालयको संगठन संरचना तयार भएको छ । उल्लिखित सङ्गठन संरचनामा देहाय अनुसारका शाखा र उपशाखा रहेका छन् ।

| क्र.सं | शाखा | उपशाखा /कार्यालय |
|---|---|---|
| १ | प्रशासन शाखा | जिन्सी उपशाखा, वडा समितिको कार्यालय १० वटा, नगरप्रहरी उपशाखा, सवारीचालक उपशाखा, विद्युत उपशाखा |
| २ | योजना तथा अनुगमन शाखा | |
| ३ | आर्थिक प्रशासन शाखा | |
| ४ | पूर्वाधार विकास शाखा | |
| ५ | घरनक्सा शाखा | |
| ६ | आर्थिक विकास शाखा | |
| ७ | कृषि विकास शाखा | |
| ८ | पशुसेवा शाखा | |
| ९ | सामाजिक विकास शाखा | वातावरण तथा विपद् व्यवस्थापन उपशाखा |
| १० | स्वास्थ्य शाखा | आधारभूत स्वास्थ्य सेवा केन्द्र /स्वास्थ्य चौकी (३ वटा)<br>स्वास्थ्यसेवा केन्द्र/शहरी स्वास्थ्य केन्द्र / सामुदायिक स्वास्थ्य इकाई (९ वटा) |
| ११ | शिक्षा, युवा तथा खेलकुद शाखा | |
| १२ | कानून शाखा | |

| क्र.सं | शाखा | उपशाखा /कार्यालय |
|---|---|---|
| १३ | आन्तरिक लेखा परिक्षण शाखा | |

उल्लिखित शाखा तथा उपशाखाहरुको अनुसूची ३ अनुसारको कार्यविवरण तयार गरिएको छ भने अनुसूची ४ अनुसारका सेवा समूह र तहको दरबन्दी रहने गरी निम्नानुसारको संख्यामा करार र स्थायी कर्मचारीहरु प्रस्ताव गरिएको छ।

| शाखा/पद | करार | स्थायी | कुल जम्मा |
|---|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | | 1 | 1 |
| आर्थिक प्रशासन शाखा | 2 | 3 | 5 |
| आर्थिक विकास शाखा | 2 | 2 | 4 |
| आन्तरिकलेखा परिक्षण शाखा | | 1 | 1 |
| कानून शाखा | 2 | 1 | 3 |
| कृषि विकासशाखा | 1 | 6 | 7 |
| पशुसेवा शाखा | 1 | 6 | 7 |
| घरनक्साशाखा | 2 | 2 | 4 |
| पूर्वाधार विकास शाखा | 1 | 4 | 5 |
| सामाजिक विकास | 3 | 5 | 8 |
| स्वास्थ्यशाखा | 17 | 27 | 44 |
| प्रशासन शाखा (वडा समितिको कार्यालय बाहेक) | 51 | 6 | 57 |
| वडासमितिको कार्यालय | 20 | 20 | 40 |
| शिक्षा, युवा तथा खेलकुद शाखा | 2 | 4 | 6 |

| शाखा/पद | करार | स्थायी | कुल जम्मा |
|---|---|---|---|
| योजना तथा अनुगमन शाखा | 2 | 2 | 4 |
| कुल जम्मा | 106 | 90 | 196 |

### ३.३ प्रस्तावित परियोजनागत सङ्गठन संरचना

नगरपालिकाले जारी गरेको आवधिक योजना र विषयक्षेत्र रणनीतिक योजनाले परिकल्पना गरेका लक्ष्य, उद्देश्य र रणनीति कार्यान्वयन गर्न तथा विगत देखिनै सेवा करार, मासिक ज्यालादारी र दैनिक ज्यालादारीमा शाखा, उपशाखा, वडा समितिको कार्यालय, सरसफाई लगायतका कार्यहरुमा अनवरत रुपमा कार्यरत रहेका कर्मचारीहरु समेतको उचित व्यवस्थापनका लागि देहाय अनुसारका परियोजनामा रहने गरी अनुसूची २ अनुसारको ५४ वटा करार तथा ४७ वटा दैनिक ज्यालादारी (सरसफाई प्रयोजनका) तर्फका परियोजनागत तथा कार्यक्रमगत दरबन्दी प्रस्ताव गरिएको छ जसमध्ये ६ वटा दरबन्दी तत्कालका लागि थप गर्नुपर्ने तथा १९ वटा दरबन्दी थप श्रोत प्राप्त भएमा थप गर्नुपर्ने देखिन्छ।

| परियोजनातथा कार्यक्रम | दरबन्दी | | | हाल कार्यरत कर्मचारी संख्या | हाल सेवा करार गरि थप गर्नुपर्ने पदहरु | श्रोत भएमा थपगर्न सकिने |
|---|---|---|---|---|---|---|
| | करार दरबन्दी | दैनिक ज्यालादारी | जम्मा | | | |
| शहरीविकास परियोजन | १४ | ० | **१४** | ६ | ४ | ४ |
| कृषि पाठशाला तथा उद्यान परियोजना | १ | ३ | **४** | ३ | ० | १ |
| नगरसरसफाई कार्यक्रम | ४ | ४४ | **४८** | ४७ | ० | १ |
| सुचनाप्रविधि तथा सडक बत्ति कार्यक्रम | १२ | ० | **१२** | ४ | १ | ७ |
| आधारभूत स्वास्थ्य परियोजना | १५ | ० | **१५** | १३ | ० | २ |
| शैक्षिक सुधार परियोजना | ८ | | **८** | ३ | १ | ४ |
| **जम्मा** | **५४** | **४७** | **१०१** | **७६** | **६** | **१९** |

### ३.४ स्थायी दरबन्दीको तेरिज

अनुसूची १ मा उपलब्ध दरबन्दीहरुमा हाल कार्यालयमा कार्यरत कर्मचारीहरुको दरबन्दी मिलान र समायोजन गर्दा देहाय अनुसारको समष्टिगत विवरण देखिन्छ । यस अनुसार संगठन संरचनामा भएका ९० वटा स्थायी दरबन्दी मध्ये ३० वटा दरबन्दीहरु रिक्त देखिन्छ। साविकमा स्थायी पदपूर्ति भएतापनि स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० अनुसार सेवा करार गरी मात्र पदपूर्ति गर्न सकिने प्रकृतिका कार्यालय सहयोगी, फायरमेन, ड्राइभर जस्ता पदहरुमा हाल १६ जना स्थायी कर्मचारीहरु कार्यरत रहेका छन । यस प्रकृतिका स्थायी पदहरुलाई फाजिल मानी "हाल स्थायी पदपूर्ति भएको र हाल कार्यरत कर्मचारी अवकाश भएपछि सेवा करार गरि पदपूर्ति गरिने" व्यहोरा सहित सङ्गठन संरचना राखिएको छ। यसैगरी कार्यालयमा हाल दुई जना कर्मचारीहरु काजमा रहेको देखिन्छ । देहायको विवरणको पुष्ट्याई स्वरूप अनुसूची ५ मा संगठन संरचना अनुसारको दरबन्दीको तेरिज प्रस्तुत गरिएको छ ।

| विवरण | जम्मा दरबन्दी | पदपूर्ति | रिक्त | फाजिल | अन्य पालिकाबाट काज | जम्माकार्यरत |
|---|---|---|---|---|---|---|
| **स्थायीपद** | ९० | ६० | ३० | १६ | २ | ७८ |

### ३.५ करार दरबन्दीको तेरिज

यसै गरि सङ्गठन संरचनामा करार तर्फ रहेको १०६ वटा पदहरु मध्ये २८ वटा पदहरुमा सेवाकरारबाट पदपूर्ति भएको र ३१ वटा पदहरु रिक्त रहेको देखिन्छ ।

| विवरण | जम्मा दरबन्दी | पदपूर्ति | रिक्त | मासिक ज्यालादारी फाजिल | करार फाजिल | अन्य पालिकाबाट काज | जम्मा कार्यरत |
|---|---|---|---|---|---|---|---|
| **करारपद** | १०६ | २८ | ३१ | ३१ | ४२ | - | १०१ |

नगरसभाको, कार्यपालिकाको, नगरप्रमुखस्तरीय र प्रमुख प्रशासकीय अधिकृतस्तरीय निर्णयबाट सेवा करार र मासिक ज्यालादारीमा नियुक्ति पाई अनवरत रुपमा कार्यालयमा कार्यरत रहेता पनि कार्यालयको प्रस्तावित

सङ्गठन संरचनामा दरबन्दी नरहेका ४२ जना कर्मचारी र दरबन्दी रहे पनि मासिक ज्यालादारीमा नियुक्ति गरिएका ३१ जना गरि जम्मा ७३ जना सेवा करार र मासिक ज्यालादारीमा कार्यरत रहेका देहाय अनुसारका पदहरुको उचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ।

**सेवाकरार गरि कार्यरत रहेका र सङ्गठन संरचनामा दरबन्दी नरहेका फाजिल कर्मचारी**

| **करार फाजिल** | **संख्या** | विवरण |
|---|---|---|
| इन्जिनियरिङ सेवाको फाजिल | ६ | इन्जिनियर छैटौं १ जना<br>सब इन्जिनियर ३ जना<br>अमिन २ जना |
| कृषि सेवाको फाजिल | १ | प्राविधिक सहायक चौथो १ जना |
| प्रशासन फाजिल | १९ | १५ जना सामाजिक परिचालक<br>१ जना पृथ्वीनगर गा.वि.स देखिका कर्मचारी<br>१ जना I2C मा कार्यरत कर्मचारी<br>२ जना सचिवालयका कर्मचारी (साविक र हाल) |
| स्वास्थ्य फाजिल | १३ | मेडिकल अधिकृत १ जना<br>अनमी ६ जना<br>अहेव १ जना<br>हेल्थ असिस्टेन्ट ४ जना<br>स्टाफ नर्स १ जना |
| शिक्षक | ३ | इन्जिनियर छैटौं १ जना<br>सब इन्जिनियर ३ जना<br>अमिन २ जना, |
| जम्मा | ४२ | |

**मासिक ज्यालादारीमा कार्यरत कर्मचारी**

| **पद** | **संख्या** |
|---|---|
| नगर प्रमुख निजी सचिव | **१ जना** |
| नगर उपप्रमुख निजी सचिव | **१ जना** |
| कार्यालय सहयोगी | **२० जना** |
| भारी सवारी चालक | **६ जना** |
| हलुका सवारी चालक | **३ जना** |
| जम्मा | **३१ जना** |

उल्लिखित विवरणको पुष्ट्याई स्वरूप तथा अनुसूची ६ मा परियोजनागत तथा कार्यक्रमगत तेरिज प्रस्तुत गरिएको छ ।

### ३.६ परियोजनागत तथा कार्यक्रमगत दरबन्दीहरुको व्यवस्थापन

कार्यालमा सेवा करार तथा मासिक ज्यालादारीमा अनवरत रुपमा कार्यत रहेका कर्मचारीहरुको उचित व्यवस्थापनको लागि सङ्गठन संरचना र परियोजनाहरुमा स्वीकृत भएको दरबन्दीमा प्रचलित कानून अनुसार कार्यालयसंग करार सम्झौता गरि देहाय अनुसार व्यवस्थापन र समायोजन गर्नुपर्ने देखिन्छ ।

**करार तर्फका ४२ फाजिल कर्मचारीको व्यवस्थापन**

| करार फाजिल | | व्यवस्थापन/ समायोजन | | कर्मचारी विवरण |
|---|---|---|---|---|
| | | परियोजना/कार्यक्रम | समायोजन संख्या | |
| इन्जिनियरिङ सेवाको फाजिल | ६ | शहरी विकास परियोजना | ६ | इन्जिनियर छैटौं १ जना<br>सब इन्जिनियर ३ जना<br>अमिन २ जना, |
| कृषि सेवाको फाजिल | १ | कृषि पाठशाला तथा उद्यान परियोजना | १ | प्राविधिक सहायक चौथो १ जना |
| प्रशासन फाजिल | १९ | संगठन संरचनामा रहेको साहायक कम्पुटर अपरेटर पदमा करार सम्झौता गरी कामकाजमा लगाउने | १९ | १५ जना सामाजिक परिचालक<br>१ जना पृथ्वीनगर गा.वि.स देखिका कर्मचारी<br>१ जना I2C मा कार्यरत कर्मचारी<br>२ जना सचिवालयका कर्मचारी (साविक र हाल) |
| स्वास्थ्य फाजिल | १३ | आधारभुत स्वास्थ्य परियोजना | १३ | मेडिकल अधिकृत १ जना<br>अनमी ६ जना<br>अहेव १ जना<br>हेल्थ असिस्टेन्ट ४ जना<br>स्टाफ नर्स १ जना |
| शिक्षक | ३ | शैक्षिक सुधार परियोजना | ३ | नृत्य प्रशिक्षक १ जना<br>फुटबल प्रशिक्षक १ जना<br>भलिबल प्रशिक्षक १ जना |
| जम्मा | ४२ | | | |

**३१ मासिक ज्यालादारी कर्मचारीको व्यवस्थापन**

| पद | संख्या | व्यवस्थापन |
|---|---|---|
| नगर प्रमुख निजी सचिव | १ जना | सेवाकरार गरि कामकाजमा लाउने |
| नगर उपप्रमुख निजी सचिव | १ जना | |
| कार्यालय सहयोगी | २० जना | |
| भारी सवारी चालक | ६ जना | |
| हलुका सवारी चालक | ३ जना | |
| **जम्मा** | **३१ जना** | |

### ३.७ आर्थिक पक्षको विश्लेषण

प्रस्ताव गरिएको सङ्गठन संरचना तथा परियोजनागत र कार्यक्रमगत दरबन्दीहरुको पदपूर्ति हुँदा नगरपालिकालाई देहाय अनुसारको व्ययभार पर्ने देखिन्छ।

**क. हाल कार्यरत कर्मचारी (सरसफाई बाहेक)**

| *क्र.सं* | *कर्मचारी वर्गीकरण* | *संख्या* | *वार्षिक तलब* |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकिय अधिकृत | १ | ८३४०८९ |
| २ | स्वास्थ्य | २७ | २०१२६०७५ |
| ३ | साविक स्थानीय निकाय | २५ | १६५५६५२६ |
| ४ | मासिक ज्यालादारी नो स्केल | २२ | ६२७९००० |
| ५ | मासिक ज्यालादारी स्केल | २१ | ८९१५१४० |
| ६ | सेवा करार | १८ | ७२२८७१५ |
| ७ | आधारभूत स्वास्थ्य केन्द्र | १८ | ६७६८०२१ |
| ८ | नगर प्रहरी तथा वारुण | १७ | ५९६७४९४ |
| ९ | समायोजन कर्मचारी | १० | ७३८०५२३ |
| १० | लोकसेवा आयोग नियुक्ति | ९ | ५८५९५९३ |
| ११ | बारुण यन्त्र | ५ | ३३०३०४९ |
| १२ | घुम्ती शिक्षक | ३ | ९८६७०० |
| १३ | स्वास्थ्य करार | ३ | ११७६५७८ |
| १४ | शिक्षक | २ | १४१८३४० |
| १५ | कुल जम्मा | १८१ | ९,२७,९९,८४२ |

**ख. सरसफाई तर्फ दैनिक ज्यालादारीमा कार्यरत कर्मचारी**

| ***क्र.सं*** | ***कर्मचारी वर्गीकरण*** | ***संख्या*** | ***वार्षिक तलब*** |
|---|---|---|---|
| १ | सरसफाईकर्मी | ४७ | १,०५,९६,७५२.१० |

ग. सबै रिक्त पदहरुमा पदपूर्ति हुँदा पर्ने थप आर्थिक व्ययभार

| ***क्र. सं*** | ***कर्मचारी वर्गीकरण*** | ***संख्या*** | ***वार्षिक तलब*** |
|---|---|---|---|
| १ | स्थायी पद पदपूर्ति हुँदाको अवस्थामा व्ययभर (अनुमानित) | ३० | १,२८,७०,०००/- |
| २ | रिक्त रहेका करार पद (संगठन संरचनामा भएको तथा परियोजनामा भएका सबै पद पदपूर्ति हुँदाको व्ययभार (अनुमानित) | १६ | ८०,८०,०००/- |

कुलजम्मा व्ययभार: क. ख, ग को खर्च र अन्य खर्च सहित १२ करोड ५० लाख देहि १३ करोड सम्म रहन सक्नेछ भने उल्लिखित व्ययभार आन्तरिक आय र राजस्व बांडफांडको रकमबाट व्यवस्थापन गरिनुपर्नेछ । यसै गरि थप श्रोत उपलब्ध भएमा "**श्रोत भएमा थपगर्न सकिने**" शीर्षकमा व्यवस्थापन गरिएका पदहरुको पदपूर्ति गर्न सकिनेछ ।

## अनुसूची १ : कार्यालयको प्रस्तावित सङ्गठन संरचना



# अनुसूची २ : प्रस्तावित परियोजनागत तथा कार्यक्रमगत  दरबन्दीहरु (सशर्त अनुदान बाहेकका)

## पूर्वाधार विकास शाखा

### शहरी विकास परियोजना

- इन्जिनियर, अधिकृतस्तर छैटौं -१ जना (करार सेवा)
- सब-इन्जिनियर अधिकृतस्तर पाँचौ-७ जना (करार सेवा)
- अमिन, सहायकस्तर चौथो- ३ जना (करार सेवा)
- असिस्टेन्ट सब इन्जिनियर, सहायकस्तर चौथो- २ जना (करार सेवा) *
- भारी सवारी चालक -१ जना *

## कृषि विकास शाखा

### कृषि पाठशाला तथा उद्यान परियोजना

- कृषि प्राविधिक, सहायक चौथो -१ जना (करार सेवा)
- दक्ष माली  - १ जना (करार सेवा)
- दैनिक ज्यालादारीमा सरसफाई कर्मचारी - २ जना

## सामाजिक विकास शाखा

### नगर सरसफाई कार्यक्रम

- सरसफाई इन्चार्ज, कुचिकार -१ जना (करार)
- सरसफाई कर्मी, कुचिकार - २ जना (करार)
- दैनिक ज्यालादारीमा सरसफाई कर्मचारी - ४४ जना
- भारी सवारी चालक- १ जना*

## प्रशासन तथा योजना शाखा

### सुचना प्रविधि तथा विद्युत कार्यक्रम

- सुचना प्रविधि अधिकृत,  अधिकृतस्तर, छैटौं - १ जना (करार सेवा)
- साहायक कम्पुटर अपरेटर-४ जना (करार सेवा)
- विद्युत हेल्पर- ७ जना (करार सेवा)

## स्वास्थ्य शाखा

### आधारभूत स्वास्थ्य परियोजना

- मेडिकल अधिकृत, आठौँ - ३ जना (करार सेवा)
- हेल्थ असिस्टेन्ट, पाँचौ - ४ जना (करार सेवा)
- स्टाफ नर्स, पाँचौ -१ जना (करार सेवा)
- अनमी , चौथो - ६ जना (करार सेवा)
- अ.हे.व, चौथो - १ जना (करार सेवा)

## शिक्षा, युवा तथा खेलकुद शाखा

### शैक्षिक सुधार परियोजना

- श्रोत विज्ञ २ जना (रिटायर्ड शिक्षक /शिक्षा विज्ञ, स्थायी शिक्षक काज)
- नृत्य प्रशिक्षक २
- फुटबल प्रशिक्षक १
- भलिबल प्रशिक्षक १
- क्रिकेट प्रशिक्षक १
- कबडी प्रशिक्षक १

## अनुसूची ३ प्रस्तावित कार्यविवरण

# विषयगत शाखाहरुको कार्य विवरण

प्रस्तावित सङ्गठन संरचना अनुसार

### १. प्रशासन शाखा

प्रमुख प्रशासकीय अधिकृतको सुपरिवेक्षण तथा प्रत्यक्ष नियन्त्रणमा रही देहायअनुसारका कार्यहरुका लागि "स्थानीय नीति ,संघीय सरकार र प्रदेश सरकारका निकाय " ,"कानून र योजना तर्जुमा गर्न राय सुझाव प्रदान गर्ने , अन्य राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्था र अन्य विषयगत शाखाहरुसँग समन्वय र सहकार्य गर्ने "तथा कानूनको परिधि भित्र रही योजना तथा कार्यक्रम कार्यान्वयन र सेवाप्रवाह गर्ने "।

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,
- संविधानको धारा ३०२ को उपधारा बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन (२), उपयोग र समन्वय,
- सगंठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,
- नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन
- स्थानीय कानून बमोजिम सगंठन तथा व्यवस्थापन सर्वेक्षण गरी सगंठन संरचना तथा दरबन्दी निर्धारण,
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन,
- जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य।
- जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,
- सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही देहाय बमोजिमका कार्य
  - व्यक्तिगत घटना जन्म), मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्रीको दर्ता (,
  - व्यक्तिगत घटनाको स्थानीय तथ्याँक सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
  - व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन।
- नगरपालिकाको लागि सार्वजनिक खरीद तथा अन्य बन्दोबस्तीका सामान सम्बन्धी विषय
- नगरपालिकाभित्रको सार्वजनिक तथा सरकारी सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसाय, पूर्बाधार, उद्योग, खानी तथा खनीज, वनको विवरण सहितको अद्यावधिक अभिलेख
- नगरपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख
- नगरपालिकास्थित सरकारी सम्पत्तिको एकीकृत विवरण।

- जिल्ला समन्वय समितिसँगको समन्वय
- वडा तहसँगको सम्पर्क र समन्वय
- पत्राचार, सभा, समारोह, शिष्टाचार
- कार्यपालिका तथा सभाको बैठक व्यवस्थापन
- कार्यपालिकाको निर्णयहरुको विद्युतिय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन
- कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन
- बजार तथा हाट बजार व्यवस्थापन
- स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन
- विषयगत शाखाबाट अभिलेख प्राप्तगरि विद्युतीय माध्यममा सुरक्षित गर्ने
- सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही देहाय बमोजिमका कार्य
    - सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,
    - स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रवर्द्धन गर्ने ।

## २. योजना तथा अनुगमन शाखा

प्रमुख प्रशासकीय अधिकृतको सुपरिवेक्षण र प्रशासन तथा योजना शाखा प्रमुखको प्रत्यक्ष नियन्त्रणमा रही देहायअनुसारका कार्यहरुका लागि "स्थानीय नीति कानून र ,योजना तर्जुमा गर्न राय सुझाव प्रदान गर्नेसंघीय " ," ,सरकार र प्रदेश सरकारका निकायअन्य राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्था र अन्य विषयगत शाखाहरुसँग समन्वय र सहकार्य गर्ने "तथा कानूनको परिधि भित्र रही योजना तथा कार्यक्रम कार्यान्वयन र सेवाप्रवाह गर्ने "।

- आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याकंन
- सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन
- सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,
- आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको पहिचान गर्नेअन्य शाखाहरुलाई कार्यन्वयनमा सहजीकरण रअनुगमन
- विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।
- स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,
- बजेट सीमा निर्धारणकार्यान्वियन र नियमन ,बजेट तर्जुमा ,
- स्थानीय तथ्याकं सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वियन र नियमन,
- आधारभूत तथ्याकं सङ्ढलन र व्यवस्थापन,
- सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याकंको सकंलन र व्यवस्थापन,

- स्थानीय तथ्याकं र अभिलेख सकंलन सम्बन्धी अन्य कार्य
- एक सय वाटसम्मको एफरेडियो सञ्चालन अनुमति .एम ., नवीकरण, नियमन र खारेजी
- प्रदेश कानूनको अधीनमा रही एफसञ्चालन सम्बन्धी अन्य कार्य .एम.
- स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र नियमन,
- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन,
- जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैगिंक सशक्तीकरण सूचकाड्ढ, राजश्व तथा आयव्यय समेतको तथ्याकं सकंलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पाश्र्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन,
- सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,
- सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख,
- आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन,
- स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,
- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य।
- सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको वर्गको इजाजतपत्रको जारी ”घ“, नवीकरण तथा खारेजी,

## ३. वडा समितिको कार्यालय

प्रमुख प्रशासकीय अधिकृतको सुपरिवेक्षण र प्रशासन शाखाकोप्रत्यक्ष नियन्त्रणमा रही देहायअनुसारका कार्यहरुका लागि"स्थानीय नीतिसंघीय सरकार र प्रदेश सरकारका " ,"कानून र योजना तर्जुमा गर्न राय सुझाव प्रदान गर्ने , ,निकायअन्य राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्था र अन्य विषयगत शाखाहरुसँग समन्वय र सहकार्य गर्ने "तथा कानूनको परिधि भित्र रही सम्बन्धित वडा समितिको निर्णय अनुसार योजना तथा कार्यक्रम कार्यान्वयन र सेवाप्रवाह गर्ने "।

**(क) सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही देहाय बमोजिमका कार्य**

- व्यक्तिगत घटना जन्म), मृत्यु, विवाह, बसाइसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्रीको दर्ता (,
- व्यक्तिगत घटनाको स्थानीय तथ्याड्ढ सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन।

**(ख) वडास्तरीय तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने:**

- आफ्नो वडा भित्रको बस्तुगत विवरण (नदीनाला, जैविक विविधता, खनिज पदार्थ, जनसंख्याको बनोट, आर्थिक अवस्था, उद्योगधन्दा, शिक्षा तथा स्वास्थ्य सम्बन्धी विवरण आदि) तयार गर्ने, अद्यावधिक गर्दै लैजाने,
- निजी घर तथा घर परिवारको लगत राख्ने,
- ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,
- खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, मठ, मन्दिर, गुम्वा, मस्जिद, देवस्थल, मदरसा, पर्ति जग्गा, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुँगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पाश्र्व चित्र तयार तथा अद्यावधिक गर्ने ।

**(ग) वडाका विकास निर्माणका योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा आवधिक प्रगति समीक्षा गर्ने:**

- सहभागीतामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,
- टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,
- वडाभित्रका योजना तथा भौतिक पूर्बाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,

(घ) **वडाका** विकास निर्माणका कार्यहरु गर्ने:

- बालउद्यानको व्यवस्था गर्ने,
- अनौपचारिक शिक्षा कार्यक्रम तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,
- पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,
- वडा तहको स्वास्थ्य केन्द्र तथा उप केन्द्रको व्यवस्थापन गर्ने,
- बालबालिकाहरूलाई बि.सि.जि., पोलियो, भिटामिन "ए" को व्यवस्था गर्ने,
- पोषण कार्यक्रमको सञ्चालन गर्ने,
- वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,
- शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,
- सार्वजनिक शौचालय तथा स्नान गृहको निर्माण र ब्यवस्थापन गर्ने, गराउने,
- वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,
- घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,
- कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवद्र्घन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,

- कृषि मलको माग सङ्कलन गर्ने,
- कृषिमा लाग्ने रोगहरूको विवरण तयार गर्ने,
- पशुपंछी विकास तथा छाडा चौपायाको व्यवस्थापन,
- वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,
- स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने,
- स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरीवाजलाई संरक्षण तथा प्रवद्र्घन गर्ने,
- वडाभित्र खेलकुद पूर्बाधारको विकास गर्ने,
- अन्तर विद्यालय तथा वालक्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने,
- वडा क्षेत्रभित्रको वाटोघाटो चालू अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,
- वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,
- बाटोघाटोको वाढी, पहिरो पन्छाउने,
- घरेलु‌ु उद्योगको लगत सङ्कलन तथा  सम्भाव्यता पहिचान गर्ने,
- वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,
- प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक र सोको अभिलेख संरक्षण गर्ने,
- व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,
- सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,
- वडालाई बालमैत्री बनाउने, .
- वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी काम गर्ने,
- विभिन्न समुदायका बीच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने,
- बालविवाह, महिला विरुद्धको हिँसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरिती र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,
- प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, स:शुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी नगरपालिकामा प्रतिवेदन सहित रकम  बुझाउने,
- असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुर्‍याई औषधोपचार गराउने,
- असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,
- सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने, गराउने,
- वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,
- वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने गराउने,

- वडालाई वातावरणमैत्री बनाउने,
- प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व**,** विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने।

**(ङ) कानून बमोजिमका नियमन कार्य गर्ने:**

- **वडाभित्र** सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको नियमन गर्ने,
- घर निर्माण गुणस्तर तथा भवन संहिता र मापदण्ड अनुसार भए नभएको अनुगमन गर्ने, सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम दिने,
- खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,
- वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रबद्र्धन गरी लगत राख्ने,
- हाट बजारको व्यवस्थापन गर्ने, गराउने,
- विद्युत चुहावट तथा चोरी नियन्त्रण गर्ने।
- नाता, नागरिकता आदिको सिफारिस तथा प्रमाणित गर्ने।
- आफ्नो भौगोलिक क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवको प्रयोजनका लागि निर्माण सामग्री, ज्याला, भाडा, तथा महशूलको स्थानीय दररेट तोक्ने।
- आफ्नो वडाभित्रका उपभोक्ता समिति, सहकारी संस्था, निजी क्षेत्र लगायतका सबै विकास साझेदारहरुसँग विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा समन्वय गर्ने।
- समय समयमा नेपाल **कानूनले तोकेबमोजिम अन्य काम गर्ने।**

**(च) अभिलेख व्यवस्थापनसिफारिस तथा प्रमाणित गर्ने**

देहायअनुसारको कार्यहरुको व्यवस्थापन र सिफारिस तयारीका लागि आवश्यक कार्यसम्पादन

- पञ्जिकरण, नागरिकता तथा अभिलेख व्यवस्थापन
- महानगरपालिकामा व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- संघीय कानून र मापदण्ड बमोजिम नगरपालिकामा व्यक्तिगत घटना (जन्म,मृत्यु, विबाह, बसाइ सराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,
- आधुनिक प्रविधि अपनाई व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन,
- नेपाली नागरिकताको प्रमाणपत्रका लागि सिफारिस लगायतका महत्वपूर्ण अभिलेखको व्यवस्थापन,
- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- स्थानीय स्तरको अभिलेख व्यवस्थापन।
- नाता प्रमाणित गर्ने,
- नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,

- बहाल करको लेखाजोखा सिफारिस गर्ने,
- कोठा खोल्न रोहबरमा बस्ने,
- मोही लगत कट्टाको सिफारिस गर्ने,
- घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने,
- जन्म मिति प्रमाणित गर्ने,
- व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा ब्यापार ब्यवसाय हुँदै नभएको सिफारिस गर्ने,
- मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्न सिफारिस गर्ने,
- विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,
- नि:शुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,
- अङ्ग्रेजी माध्यममा सिफारिस तथा प्रमाणित गर्ने,
- घर पाताल प्रमाणित गर्ने,
- व्यक्तिगत विवरण प्रमाणित गर्ने,
- पुर्जामा घर कायम गर्ने सिफारिस गर्ने,
- फरक, फरक नाम, थर, जन्म मिति तथा प्रमाणित दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारीश गर्ने,
- नाम, थर,जन्म मिति संशोधनको सिफारिस गर्ने,
- जग्गा धनीपूर्जा हराएको सिफारिस गर्ने,
- कागज र मन्जुरीनामा प्रमाणित गर्ने,
- कित्ताकाट गर्न सिफारिस गर्ने,
- संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,
- जीवितसँगको नाता प्रमाणित गर्ने,
- हकवाला वा हकदार प्रमाणित गर्ने,
- नामसारी गर्न सिफारिस गर्ने,
- जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,
- मृतकसँगको नाता प्रमाणित तथा सर्जिमन  सिफारिस गर्ने,
- उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,
- जीवित रहेको सिफारिस गर्ने,
- पूर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस र अनुमति दिने,
- जग्गा मूल्याङ्कन सिफारिस प्रमाणित गर्ने,
- विद्यालयको कक्षा थप गर्न  सिफारिस गर्ने,
- पालन पोषणको लागि सिफारिस गर्ने,
- वैवाहिक अङ्गिकृत नागरिकता सिफारिस गर्ने,
- आर्थिक अवस्था कमजोर वा बिपन्नता प्रमाणित गर्न वा आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणित

- विद्यालय ठाउँ सारी गर्न सिफारिस गर्ने,
- धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,
- प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने ।

## ४. आर्थिक प्रशासन शाखा

प्रमुख प्रशासकीय अधिकृतको सुपरिवेक्षण तथा प्रत्यक्ष नियन्त्रणमा रही देहायअनुसारका कार्यहरुका लागि "स्थानीय नीति कानून र योजना तर्जुमा गर्न राय सुझाव प्रदान ,गर्ने ,संघीय सरकार र प्रदेश सरकारका निकाय " ," अन्य राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्था र अन्य विषयगत शाखाहरुसँग समन्वय र सहकार्य गर्ने "तथा कानूनको परिधि भित्र रही योजना तथा कार्यक्रम कार्यान्वयन र सेवाप्रवाह गर्ने "।

- आर्थिक का)र्यविधिआर्थिक प्रशासन र व्यवस्थापन ,कार्यान्वयन र नियमन ,कानुन मापदण्ड ,नीति (
- सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन
- लगानी र लाभांशको व्यवस्थापन
- लेखा व्यवस्थापनकार्य सञ्चालन कोष तथा अन्य सरकारी कोष तथा सम्पतिको ,धरौटी ,खर्च। राजश्व , एकीकृत विवरण
- समष्टिगत आर्थिक अवस्थाको विश्लेषण
- ऋण तथा अनुदान व्यवस्थापन र नियमन
- लगानी प्रक्षेपण र वत्तिय व्यवस्थापन (सहकारी तथा निजी ,सहकारी)
- कारोबार लेखांकननियन्त्रण तथा व्यवस्थापन ,
- राजश्व तथा व्ययको अनुमान
- बेरुजु फछर्यौट
- आर्थिक प्रशासन र व्यवस्थापन सम्बन्धी अन्य बिषयकार्/यहरु

### २.१ राजश्व उपशाखा

